# प्रदेश राजपत्र

प्रदेश नं. दुई, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४)जनकपुरधाम,पुष १ गते,२०७७ साल(अतिरिक्ताङ्क ६

भाग १

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ साल ऐन नं १३

## वन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:**प्रदेशभित्रको राष्ट्रिय वनलाई प्रदेश सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, चुरे सहित वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वन व्यवस्थापन पद्धतिहरु अपनाई प्रदेशभित्रको वन, वन्यजन्तु, वनस्पति, जलाधार तथा

नदीजन्य पदार्थको संरक्षण एवं दिगो व्यवस्थापन गर्दै वन पैदावारको न्यायोचित वितरण गरी जनताको वनजन्य आवश्यकता पूरा गर्न,स्वस्थ्य वातावरणको प्रवर्द्धन गर्न, अर्थतन्त्रमा टेवा पुऱ्याउन सार्वजनिक वन, निजी वन तथा निजी रुखको संरक्षण, विकास र सदुपयोगमा सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले,

प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " प्रदेश वन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषिऔजार तथा अन्य कुनै रुख बिरुवा ताछ्ने, काट्ने खुकुरी, बञ्चरो, आरा तथा मसिन समेतलाई सम्झनुपर्छ।

(ख) "कबुलियती वन" भन्नाले कानुन बमोजिम स्थापित कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ६० बमोजिम कबुलियती वनको रुपमा प्रदान गरिएको प्रदेशभित्रको राष्ट्रिय वनलाई सम्झनुपर्छ ।

(ग) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण, व्यवस्थापन तथा वन पैदावारको उपयोग र बिक्रीबितरण गर्न तयार गरिएको र यस

ऐन बमोजिम स्वीकृत गरिएका वन सम्बन्धी कार्ययोजनालाई सम्झनुपर्छ ।

(घ) “चक्ला वन” भन्नाले दफा ३३ बमोजिम व्यवस्थापन गरिने प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई सम्झनुपर्छ ।

(ङ) “टाँचा” भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशानलाई सम्झनुपर्छ ।

(च) “डिभिजन वन अधिकृत” भन्नाले डिभिजन वन कार्यालयको प्रमुखलाई सम्झनुपर्छ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको वा तोकिए बमोजिमलाई सम्झनुपर्छ ।

(ज) “धार्मिक वन” भन्नाले दफा ६२ बमोजिम सुम्पिएको प्रदेशभित्रको राष्ट्रिय वनलाई सम्झनुपर्छ ।

(झ) “निजी वन” भन्नाले प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई सम्झनुपर्छ ।

(ञ) “निजी रुख” भन्नाले कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काइएको वा संरक्षण गरिएको रुखलाई सम्झनुपर्छ ।

(ट) “चुरे क्षेत्र” भन्नाले समुद्री सतहको १२० मीटर देखि १९७२ मिटर सम्मको

उँच्चाइमा पूर्व-पश्चिम फैलिएको होचो शिवालिक पर्वत श्रृंखलालाई सम्झनुपर्छ ।

(ठ) “पर्यापर्यटन” भन्नाले भू–दृष्यको सौन्दर्य, जैविक–साँस्कृतिक वैभव र जैविक विविधतामा आधारित वातावरणमैत्री पर्यटकीय क्रियाकलापलाई सम्झनु पर्दछ।

(ड) “प्रदेश भित्रको राष्ट्रिय वन” भन्नाले निजी वन बाहेक प्रदेश-भित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वनलाई सम्झनु पर्दछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ ।

(ढ) “निर्देशनालय” भन्नाले प्रदेशवन निर्देशनालयलाई सम्झनुपर्छ।

(ण) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको वनसम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(त) “वन” भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई सम्झनुपर्छ र यो शब्दले जंगल समेतलाई जनाउँछ ।

(थ) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हकभोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेकोमा बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको, वनले घेरिएको

वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्रलाई सम्झनुपर्छ ।

(द) “वन सिमाना चिन्ह” भन्नाले प्रदेशभित्रको राष्ट्रिय वनको सिमाना छुट्याउन/लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपटलाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम जग्गा नापजाँच गरी तयार गरिएको नक्सामा अङ्कित वन-सिमानाचिन्ह समेतलाई जनाउँछ।

(ध) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावारलाई सम्झनुपर्छः-

(१) काष्ठ पैदावार,

(२) गैरकाष्ठ वन पैदावार, वा

(३) चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(न) "वातावरणीय सेवा" भन्नाले वनक्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई सम्झनुपर्छः-

(१) कार्बन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमका अन्य वस्तु, सेवा तथा लाभ।

(प) “प्रदेश सरकारद्वारा व्यवस्थित वन” भन्नाले यस ऐन बमोजिम अन्य व्यवस्थापन पद्धतिमा नगएको प्रदेश सरकारले व्यवस्थापन गर्ने प्रदेशभित्रको राष्ट्रिय वनलाई सम्झनुपर्छ ।

(फ) "वन संरक्षणक्षेत्र" भन्नाले दफा ४६ बमोजिम घोषणा गरिएको वन संरक्षण क्षेत्रलाई सम्झनुपर्छ ।

(ब) “साझेदारी वन उपभोक्ता समूह” भन्नाले दफा ३७ र ६५ बमोजिम गठन भएको उपभोक्ता समूहलाई सम्झनुपर्छ।

(भ) “साझेदारी वन” भन्नाले दफा ३५ बमोजिम व्यवस्थापन गरिने प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई सम्झनुपर्छ।

(म) “सामुदायिक वन” भन्नाले दफा ५१ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण भएको प्रदेशभित्रको राष्ट्रिय वनलाई सम्झनुपर्छ ।

(य) “सामुदायिक वन उपभोक्ता समूह” भन्नालेदफा ५१ र ६५ बमोजिम दर्ता भएको उपभोक्ता समूहलाई सम्झनुपर्छ।

## परिच्छेद– २

## प्रदेशभित्रको राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. **नेपाल सरकारको भू-स्वामित्व रहने:** वन क्षेत्रको भू–स्वामित्व नेपाल सरकारमा रहनेछ ।

४. **प्रदेशभित्रको राष्ट्रिय वन वर्गीकरण गर्ने:** प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनका लागि आवश्यकतानुसार वनको वर्गीकरण गर्न सक्नेछ र त्यसरी वर्गीकरण भैसकेपछि एउटा प्रयोजनका लागि वर्गीकरण गरिएको प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको अनुमति वेगर अर्को प्रयोजनको लागि उपयोग गरिने छैन।

५. **वन सिमाना:**(१) डिभिजन वन अधिकृतले यस परिच्छेदमा लेखिएको कुराहरुको अधीनमा रही सम्बन्धित डिभिजन वन कार्यालय अन्तर्गत पर्ने प्रदेशभित्रको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना चिन्ह लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिमाना निर्धारण गरी सोको नक्सा सहितको विवरण र अभिलेख राख्नुपर्नेछ ।

(३) प्रदेश वन निर्देशनालयले प्रदेश भित्रको राष्ट्रिय वनको समग्र सिमानाको नक्सा सहित अभिलेख राख्नुपर्नेछ ।

६. **जग्गा प्राप्त गर्न सक्ने:** (१) दफा ५ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनको सिमाना छुट्ट्याउँदा सो वन वा सोको सिमानाको संरक्षणको निमित्त डिभिजन वन अधिकृतले सो वनभित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो,टहरो तथा अन्य भौतिक संरचना समेत वनको सिमानाभित्र पारी छुट्याउन पर्ने भएमा सोको कारण र त्यस्ता जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित

व्यक्तिको घरदैलो र स्थानीय तहको कार्यालय, मालपोत कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः

(क) प्राप्त गरिने जग्गा वा घरको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरुले यो सूचना टाँस भएको वा जानकारी पाएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र डिभिजन वन अधिकृत समक्ष आफ्नो हकभोगको प्रमाण सहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनु र सो म्याद भित्र दरखास्त दिन नआएमा पछि कुनै उजुर लाग्ने छैन भन्ने व्यहोरा खुलाउने।

७. <u>घरजग्गा प्राप्त गर्ने कुरामा उजुर गर्नेः</u> (१) दफा ६ को उपदफा (१) बमोजिम घरजग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र दफा ११ बमोजिमको समिति समक्ष उजुर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा आवश्यक जाँचबुझ गरी समितिले निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रचलित कानुन बमोजिम पुनरावेदन दिन सक्नेछ ।

८. <u>क्षतिपूर्तिको रकमः</u> (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घरजग्गा बापत दिइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा समितिले देहायका कुराहरु बिचार गरी निर्धारण गर्नु पर्नेछः

(क) दफा ६ को उपदफा (१) अन्तर्गत सूचना जारी भएको मितिमा बजारमा चलेको दरले सो घर जग्गाको मोल,

(ख) सो जग्गामा भएको खडा बाली र रुख समेत लिने भए सरोकारवाला व्यक्तिले व्यहोर्नु पर्ने नोक्सानी,

(ग) सरोकारवाला व्यक्तिलाई आफ्नो बसोबास वा सरोकारको ठाउँ छोडी अन्त जान कर लागेमा त्यसरी जाँदा व्यहोर्नु पर्ने मनासिब माफिकको खर्च वापत हुन आउने रकम ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजन वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई लिखित सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच

वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम प्रदेश सञ्चित कोषमा जम्मा हुनेछ।

९. <u>**क्षतिपूर्ति दिने:**</u> दफा ८ को उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकम डिभिजन वन अधिकृतले सरोकारवाला व्यक्तिलाई प्रदेश सरकारको सञ्चित कोषबाट दिनु पर्नेछ।

१०. <u>**जग्गा कब्जामा लिने:**</u> दफा ८ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घरजग्गा डिभिजन वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घरजग्गा प्रदेशभित्रको राष्ट्रिय वन कायम हुनेछ ।

११. <u>**समितिको गठन:**</u> यस परिच्छेदको प्रयोजनको लागि प्रत्येक जिल्लामा तोकिए बमोजिमको एक समिति गठन हुनेछ ।

१२. <u>**सरजमीन बुझ्ने:**</u>डिभिजन वन अधिकृतले आवश्यक परेमा प्राप्त गरिने घर वा जग्गामा हकदैया पुग्ने व्यक्तिको अंशियार, जग्गा भाडामा लिएको व्यक्ति, बन्धकी साहु वा सो जग्गा कमाउने व्यक्ति र सो जग्गाको पछिल्लो तीन वर्षको मालपोत वा कुत वा तिरो वा मुनाफा बारे सरजमिन बुझ्न सक्नेछ ।

१३. <u>**प्रदेशभित्रको राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्ध:**</u> यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी घर वा जग्गा प्रदेश भित्रका राष्ट्रिय वनको सिमानाभित्र पार्दा वा त्यस्तो घर वा जग्गा प्राप्त गर्दा देहायमा लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछ:

(क) प्रदेशभित्रको राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता, आवाद भैसकेको निजी

जग्गा र त्यस्तो जग्गामा घर बनेको भए सो समेत प्रदेशभित्रको राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन।

(ख) यस परिच्छेद बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गा मध्ये तराईमा भए दुई बिगाहा र चुरे भावर क्षेत्रमा भए सात कट्ठा भन्दा बढी जग्गा प्रदेश सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराईमा पाँच बिगाहा र अन्य क्षेत्रमा पन्ध्र कट्ठा भन्दा बढी त्यस्तो जग्गा सो जग्गा धनीको मन्जुरीले बाहेक कुनै अवस्थामा प्राप्त गर्न सकिने छैन।

(ग) चारैतिर प्रदेशभित्रका राष्ट्रिय वनले घेरिएको वा प्रदेश भित्रको राष्ट्रिय वनभित्र रहेको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको घर जग्गा प्राप्त गरी प्रदेशभित्रका राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ।

१४. <u>पूरै जग्गा प्राप्त गर्नेः</u> यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारवाई गर्दा सो जग्गाको धनीले पूरै घरजग्गा प्रदेश सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दुई विगाहा वा सो भन्दा कम

जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र नलिई यस परिच्छेद बमोजिम पूरै घरजग्गा लिनुपर्नेछ ।

१५. <u>अदालतले पाए सरहको अधिकार हुने:</u>डिभिजन वन अधिकृत र दफा ११ बमोजिमको समितिलाई यस परिच्छेद बमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुका साक्षीहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेतका कार्यहरु गर्दा प्रचलित कानुन बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ ।

१६. <u>निजी जग्गाको लगत कट्टा गर्ने:</u> यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी प्रदेशभित्रका राष्ट्रिय वनभित्र पारी छुट्टयाइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध सिमाना, किल्ला आदि सबै विवरण खोली डिभिजन वन अधिकृतले स्थानीय तह र मालपोत कार्यालयमा जनाउ दिनुपर्नेछ र सो बमोजिम मालपोत कार्यालयले पनि सो जग्गाको मालपोत वा करको लगत कट्टा गर्न कारवाई गरी त्यसको जानकारी प्रदेश मन्त्रालय र मालपोत विभागमा दिनुपर्नेछ।

१७. <u>बल प्रयोग गर्न सक्ने:</u> डिभिजन वन अधिकृतले यस परिच्छेद बमोजिम कारवाई गर्दा वा घर वा जग्गा कब्जामा लिंदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारवाई गर्न र घरजग्गा कब्जामा लिन सक्नेछ ।

१८. <u>जग्गा दर्ता गर्न नहुने:</u> (१) प्रदेश भित्रका राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन ।

(२) कसैले प्रदेशभित्रको राष्ट्रिय वनको जग्गा दर्ता गराएको भएपनि सो दर्ताको नाताले त्यस्तो जग्गा दावी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको लगत कट्टा गर्न डिभिजन वन अधिकृतले सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनुपर्नेछ र त्यसरी लेखी आएको सात दिनभित्र मालपोत कार्यालयले लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनभन्दा अघि कसैले प्रदेशभित्रका राष्ट्रिय वनको कुनै भाग गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्तो दर्ताको लगत कट्टा गरिनेछ ।

१९. <u>प्रदेशभित्रको राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने:</u> प्रदेश सरकार वा प्रदेश सरकारबाट अधिकार प्राप्त अधिकारीले पट्टा वा पुर्जी जारी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई प्रदेश भित्रका राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

२०. <u>प्रदेशभित्रका राष्ट्रिय वनमा बाटो, खोला बन्द गर्ने अधिकार:</u> प्रदेश सरकारले वा प्रदेश सरकारबाट अधिकार प्राप्त अधिकारीले वनको विकास र संरक्षणको निमित्त प्रदेशभित्रका राष्ट्रिय वनभित्र पर्ने जोसुकैको निजी वा सार्वजनिक बाटो वा खोला बन्द गर्न सक्नेछ।

तर त्यसरी वन्द गर्नु अगावै त्यसको सट्टा यथासम्भव त्यत्तिकै सुविधाजनक अर्को बाटो वा कुलो उपलव्ध गराईदिनुपर्नेछ ।

२१. <u>प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन:</u> (१) डिभिजन वन अधिकृतले आफ्नो कार्यक्षेत्रको प्रदेश भित्रको राष्ट्रिय वनको

व्यवस्थापनयोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

(२) डिभिजन वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन गर्दा प्रदेश सरकारद्वारा व्यवस्थित वन, चकला वन, साझेदारी वन संरक्षण वन क्षेत्र, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन र व्यावसायिक कबुलियती वनको वन व्यवस्थापन लगायतका पद्धतिभित्र उपयुक्त वन संवर्द्धन प्रणाली अपनाइनेछ ।

(३) उपदफा (२) बमोजिमको वन व्यवस्थापन गर्दा वन्यजन्तुको बासस्थान व्यवस्थापनका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

२२. <u>वृक्षारोपण र कृषि वन प्रणालीको प्रोत्साहन गर्ने:</u>(१) वृक्षारोपण कार्यलाई प्रवर्द्धन गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिमको कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कृषि वनमा जडीबुटी, फलफूल लगायत बहुवर्षे कृषिवाली मात्र लगाउनु पर्नेछ।

(४) प्रदेश सरकारले निजी जग्गामा किसानको चाहना अनुसारका कृषि वन प्रणाली प्रर्वद्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

२३. <u>वन पैदावारको विक्री वितरण:</u> (१) प्रदेश सरकारले वन पैदावार मध्येको काठ दाउराको बिक्रीबितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी ब्यवस्थापन गर्नेछ ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वनपैदावरमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ ।

(३) वन पैदावारका आपूर्ति गर्दा प्रदेशभित्रको आवश्यकतालाई प्राथमिकता दिई वन पैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसार-पोसार गर्न डिभिजन वन अधिकृतले तोकिए बमोजिम इजाजत दिनसक्नेछ ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावरको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

२४. <u>अध्ययन अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्नेः</u> (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने अभिप्रायले कुनै अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माँग गरेमा तोकिए बमोजिमको प्रक्रियाको आधारमा प्रदेश मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

तर हाल कायम रहेको वनको हैसियतमा ह्रास नहुने गरी उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको वनक्षेत्रको तोकिए बमोजिमको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ ।

२५. <u>जडिबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेः</u> प्रदेश सरकारले जडिबुटी अनुसन्धान केन्द्र स्थापना गरी जडिबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन, प्रदर्शनी र व्यावसायिक खेती प्रवर्द्धन गर्न सक्नेछ।

२६. **<u>सहकार्यमा जडिबुटी खेती गर्न सकिनेः</u>** (१) प्रदेश मन्त्रालयले निजी क्षेत्र, सहकारी, संघसंस्था, समुदाय र स्थानीय तहसँग समेत सहकार्य गरी जडिबुटी खेती र सो सम्बन्धी प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकार्यमा गरिने जडिबुटी खेती र सो सम्बन्धी प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग आवश्यक शर्तहरु तोकी निजी क्षेत्र वा समुदायलाई उपलब्ध गराउन सक्नेछ ।

२७. **<u>पर्यापर्यटन कार्यक्रम सञ्चालनः</u>** (१) कुनै स्थानीय तह, समुदाय र संघसस्थाले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखिएमा प्रदेश मन्त्रालयले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तह, समुदाय र संघसस्थालाई तोकिए बमोजिम सहमति दिन सक्नेछ।

तर सहमति दिंदा वनक्षेत्रको प्राकृतिक स्वरुप र रुखविरुवा र वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा अनुमति दिंदा त्यस्तो क्षेत्र स्पष्ट देखिने नक्सा, बोटविरुवा, ताल, पोखरीको स्थिति वा अन्य सो ठाउँमा भएको प्राकृतिक सम्पदाहरुको विवरण तयार गरी रेकर्ड राखी अनुमति दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वनक्षेत्र वन उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्बन्धित वन उपभोक्ता समूहसँग परामर्श लिन सक्नेछ।

२८. <u>चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यान स्थापना गर्न सकिने</u>: (१) कुनै संस्था, निकाय वा स्थानीय तह वा समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यान स्थापना र सञ्चालन गर्न चाहेमा प्रदेश मन्त्रालयले अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना,प्राणी उद्यान र वनस्पति उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको मापदण्ड पूरा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमति नलिई वा उपदफा (२) बमोजिमको मापदण्ड पूरा नगरी चिडियाखाना,प्राणी उद्यान र वनस्पति उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ।

(४) उपदफा (१) बमोजिम चिडियाखाना,प्राणी उद्यान र वनस्पति उद्यान सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. <u>सिमसार क्षेत्रको व्यवस्थापन</u>: (१) डिभिजन वन अधिकृतले प्रदेशभित्रको राष्ट्रिय वनभित्र पर्ने सिमसार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गरी प्रदेश मन्त्रालयबाट स्वीकृत गराई व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन योजनामा उल्लेख हुने व्यवस्थाहरु तोकिए बमोजिम हुनेछन्।

## परिच्छेद–३

## प्रदेश सरकारद्वारा व्यवस्थित वनसम्बन्धी व्यवस्था

३०. कार्ययोजनाः (१) प्रदेश सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि डिभिजन वन कार्यालयले तोकिए बमोजिम आवधिक कार्ययोजना तयार गरी स्वीकृतिका लागि निर्देशनालय मार्फत् मन्त्रालयसमक्ष पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा प्रदेश वन निर्देशनालयले त्यस्ता कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र आवश्यक हेरफेरसहित डिभिजन वन कार्यालयबाट प्राप्त हुन आएपछि सो कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजन वन अधिकृतले आ-आफ्नो क्षेत्रमा लागु गर्नेछ।

३१. प्रदेश सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः कार्ययोजनाले निर्दिष्ट गरेको कार्य तथा वन विकास कार्य बाहेक प्रदेश सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन ।

तर नेपाल सरकारको मन्त्रालय वा प्रदेश मन्त्रालयबाट स्वीकृत कार्यविधिको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न वाधा परेको मानिने छैन ।

३२. **<u>प्रदेश सरकारद्वारा व्यवस्थित वनको वनपैदावारको स्वामित्व र बिक्रीवितरणः</u>** (१) प्रदेश सरकारद्वारा व्यवस्थित वनको वनपैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिमको वनपैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न डिभिजन वन अधिकृतले तोकिए बमोजिम इजाजत दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजत दिइने वन पैदावारका मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

३३. **<u>चक्ला वनः</u>** (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनको लागि प्रदेश सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई प्रदेश मन्त्रालयले सीमाङ्कन गरी चक्ला वनको रुपमा व्यवस्थापन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने वनको सीमाङ्कन खुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चक्ला वन तोकिए बमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिको लागि निजी क्षेत्रसँगको साझेदारीमा समेत व्यवस्थापन गर्नसक्नेछ ।

(४) उपदफा (३) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा चक्ला वन व्यवस्थापन गर्ने भएमा प्रदेश सरकारसँग सहमति लिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिएको चक्ला वनको लागत तथा वन पैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (२) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिएको चक्ला वन त्यस्तो अवधि समाप्त भए पछि तोकिए बमोजिम प्रदेश सरकारमा हस्तान्तरण हुनेछ।

३४. **<u>चक्ला वनको कार्ययोजनाः</u>** (१) चक्ला वन व्यवस्थापनको लागि डिभिजन वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी सिफारिशको लागि निर्देशनालयमा पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्ने छ र आवश्यक हेरफेर सहित डिभिजन वन कार्यालयबाट प्राप्त भएको कार्ययोजना निर्देशनालयको सिफारिशमा मन्त्रालयले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजन वन अधिकृतले कार्यान्वयन गर्नेछ।

## परिच्छेद– ४

## साझेदारी वन सम्बन्धी व्यवस्था

३५. **<u>साझेदारी वनः</u>** प्रदेश सरकारले देहायका उद्देश्यहरुको लागि प्रदेशभित्रका राष्ट्रिय वनको कुनै भागलाई डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछः

(क) वनको विकास र दिगो व्यवस्थापन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पु¥याउन,

(ख) वन क्षेत्रबाट टाढा रहेका र परम्परागत उपभोक्तालाई वनको संरक्षण तथा व्यवस्थापन कार्यमा

सहभागी गराई त्यस्ता उपभोक्ताको वन स्रोतमा पहुँच बढाई वनपैदावार-आपूर्तिको व्यवस्था गर्न,

(ग) वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न,

(घ) जैविक विविधता, सिमसार तथा जलाधार क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन ।

३६. <u>साझेदारी वन र साझेदारी वनव्यवस्थापन क्षेत्रको निर्धारणः</u> (१) डिभिजन वन कार्यालयले दफा ३५ को उद्देश्यहरु पूरा गर्न उपयुक्त वनक्षेत्रको पहिचान गरी साझेदारी वनको क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी वनको क्षेत्र निर्धारणपछि वनमा पहुँच नभएका, वन क्षेत्रवाट टाढा रहेका,परम्परागत वनउपभोक्ता र वनव्यवस्थापनको चाहना राख्ने स्थानीय तहका निश्चित वडाहरुका भौगोलिक सिमानाहरुलाई आधार बनाई साझेदारी वनव्यवस्थापन-क्षेत्र निर्धारण गर्नु पर्नेछ ।

३७. <u>साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेः</u> (१) साझेदारी वनको विकास,संरक्षण र व्यवस्थापनको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको उपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित वन उपभोक्ताहरुले डिभिजन वन कार्यालय र स्थानीयतह

समेतको सहयोगमा दफा ६५ बमोजिमको साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन हुने साझेदारी वन उपभोक्ता समूह एक प्रतिनिधिमूलक समूह हुनेछ र उक्त प्रतिनिधिमूलक समूहमा रहने तोकिए बमोजिमका प्रतिनिधिहरु साझेदारी वन उपभोक्ता समूहको साधारण सभाका सदस्य हुनेछन्।

(३) उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता समूहदर्ता गर्न उपभोक्ता समूहको विधान सहित डिभिजन वन अधिकृत समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन पर्न आएमा डिभिजन वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी अभिलेखीकरण गर्ने र तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित संघीय वन ऐन बमोजिम साझेदारी वनको रुपमा रहेका वन उपभोक्ता समूहलाई यसै ऐन बमोजिम रहेको मानिनेछ ।

३८. <u>साझेदारी वन उपभोक्ता समूहको कोषः</u> (१) साझेदारी वन उपभोक्ता समूहको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः

(क) नेपाल सरकार,प्रदेश सरकार, स्थानीय तह वा अन्य निकायहरुबाट प्राप्त रकम,

(ख) समूहलाई प्राप्त भएको वनपैदावारको बिक्रीवितरणबाट प्राप्त हुने रकम,

(ग) विभिन्न संघसंस्था र व्यक्तिबाट प्राप्त हुने सहयोग,

(घ) अन्य शुल्क वापत प्राप्त हुने रकम,

(ङ) पुरस्कार, दण्डजरिवानाबाट प्राप्त हुने रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोष संचालनका लागि समूहको नाममा एक छुट्टै बैंक खाता हुनेछ ।

(४) कोषमा रहेको रकम साझेदारी वन व्यवस्थापन र उपभोक्ता समूहको तर्फबाट गरिने खर्च तथा अन्य तोकिएका कार्यहरुमा खर्च गर्नुपर्नेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३९. <u>साझेदारी वनको कार्ययोजनाः</u> (१) साझेदारी वनको दिगो व्यवस्थापनको लागि डिभिजन वन कार्यालय र उपभोक्ता समूहले तोकिए बमोजिम कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालय समक्ष पेस गर्नुपर्नेछ।

(२) साझेदारी वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा वन सम्वर्द्धन प्रणाली, वनव्यवस्थापन सम्बन्धी परम्परागत अभ्यासहरु, जलवायु उत्थानशीलता र वातावरणीय पक्षलाई समेट्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखिएमा निर्देशकले त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले उपभोक्ता समूहसँग समन्वयमा आफ्नो रायसहित आवश्यक हेरफेर गरी निर्देशनालयमा पठाएपछि सो कार्ययोजना निर्देशकले स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको कार्ययोजना उपभोक्ता समूह र स्थानीयतहको सहयोगमा डिभिजन वनअधिकृतले कार्यान्वयन गर्नेछ ।

४०. **साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्रीबितरणः**(१) साझेदारी वनबाट उत्पादित काठदाउरामध्ये पचास प्रतिशत साझेदारी वन उपभोक्ता समूहलाई, दश प्रतिशत सम्बन्धित स्थानीय तहलाई, बीस प्रतिशत प्रदेश सरकारलाई र बीस प्रतिशत नेपाल सरकारलाई बाँडफाँट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुपातमा बाँडफाँडबाट साझेदारी वन उपभोक्तासमूहलाई प्राप्त काठ दाउरा डिभिजन वन कार्यालयको समन्वयमा उपभोक्ता समूहले बिक्रीवितरण गर्न सक्नेछ तथा समूहलाई बाँडफाँट गरी बाँकी रहेको काठ-दाउरा जिल्लाभित्र आन्तरिक खपतका लागि प्राथमिकता दिई बाँकी रहेको डिभिजन वन कार्यालयले लिलाम-विक्री गर्न सक्नेछ । यसरी लिलाम-विक्रीबाट प्राप्त रकम उपदफा (१) बमोजिमको अनुपातमा बाँडफाँट गरिनेछ।

(३) साझेदारी वन व्यवस्थापनबाट समूहलाई प्राप्त हुने काठ दाउरा उपभोक्ता समूहको आन्तरिक खपतका लागि प्राथमिकता दिई बाँकी रहेको काठ-दाउरा डिभिजन वन कार्यालयको सहमतिमा लिलाम विक्री गर्न सक्नेछ।

(४) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र एक भन्दा वढी स्थानीय तह रहेको भए उपदफा (२) बमोजम स्थानीय तहहरुलाई प्राप्त हुने रकम बाँडफाँट गर्दा जनसंख्याको आधारमा समानुपातिक रुपमा बाँडफाँट हुनेछ।

तर नेपाल सरकारबाट माग भई आएमा प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ ।

४१. **वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पर्यापर्यटन विकास वन उद्यम र गरिवी निवारणका लागि तोकिए बमोजिम वनक्षेत्र प्रयोग गर्न सक्नेछ ।

४२. **वन व्यवस्थापन कार्ययोजनामा संशोधनः** साझेदारी वनव्यवस्थापन कार्ययोजनामा समयानुकूल संशोधन गर्न आवश्यक भएमा उपभोक्ता समूहसँगको समन्वयमा डिभिजन वन कार्यालयले वनव्यवस्थापन कार्ययोजना संशोधन गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

४३. **साझेदारी वनको विकासको लागि खर्च गर्नु पर्नेः**(१) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबीन्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम-विकास कार्यमा खर्च गर्नु पर्नेछ र बढीमा १०% प्रशासनिक खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूह वा उपभोक्ता समूहका पदाधिकारीहरुले र कार्ययोजना विपरीत वा यो ऐन र यस ऐन अन्तरगत बनेको नियम विपरीत कुनै कामकारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय हुनेछ ।

४४. **सहयोग लिन सक्ने:** यस परिच्छेद बमोजिमको कार्य गर्नका लागि उपभोक्ता समूहले सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछ।

४५. **प्रतिवेदन दिनु पर्ने:** (१) उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तह समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्तासमूहलाई आवश्यक सुझाव दिन सक्नेछ र सो सुझाव कार्यान्वयन गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

## परिच्छेद– ५

## वनसंरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

४६. **वनसंरक्षण-क्षेत्र:** (१)प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको रणनीतिक योजनालाई मध्यनजर गर्दै प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको राष्ट्रिय वनको देहायको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सीमाङ्कन गरी विशेष वा एकीकृत कार्ययोजना बनाई वनसंरक्षण-क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछ:

(क) प्रादेशिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय,पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको क्षेत्र,

(ख) भूमि तथा जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको क्षेत्र,

(ग) चुरे क्षेत्र

(घ) संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति,जैविक मार्ग तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र, वा

(ङ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको क्षेत्र।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन उपभोक्तासमूह र स्थानीय तह लगायतका सरोकारवालाहरुसँग समन्वय गरी डिभिजन वन कार्यालयले गर्नेछ।

(३) वन संरक्षण क्षेत्रको व्यवस्थापनका लागि तोकिए बमोजिमको संस्थागत संरचना स्थापना गर्न सकिनेछ।

**स्पष्टीकरण**:यस दफाको प्रयोजनको लागि "भू-परिधीय क्षेत्र" भन्नाले वन तथा वनसँग अन्तर सम्बन्धित समुदाय, क्षेत्र, नदी प्रणाली तथा प्राकृतिक स्रोत समेतलाई सम्झनुपर्छ।

४७. **वन संरक्षण क्षेत्रको व्यवस्थापन**: (१) वन संरक्षण क्षेत्रमा रहेको प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रमा क्षेत्रगत अवस्थितिका आधारमा एक वा सोभन्दा बढी वनव्यवस्थापन-पद्धति अवलम्बन गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्रभित्र रहेका अन्य वनव्यवस्थापन-पद्धति अन्तर्गतका वन व्यवस्थापन योजनाहरु दफा ४६ को उपदफा(१) बमोजिमको कार्ययोजनाको अधीनमा रही बनाउनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम वनसंरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँट तोकिए

बमोजिम हुनेछ ।

४८. <u>वन संरक्षण क्षेत्रमा रुपान्तरण हुने:</u> (१)यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संरक्षित वन यो ऐन प्रारम्भ भएपछि स्वत:वनसंरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन।

४९. <u>चुरे क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन:</u> (१) चुरे क्षेत्रमा रहेको सम्पूर्ण भू-भागलाई समेटी प्रदेशस्तरीय भू-उपयोग योजना तर्जुमा गर्न सकिनेछ ।

(२) चुरे क्षेत्रको वनपैदावार लगायतका प्राकृतिक स्रोतहरुको उपयोग गर्दा उपदफा (१) बमोजिमको भू-उपयोग योजनामा गरिएको जमिनको वर्गीकरणलाई ध्यान दिनुपर्नेछ ।

(३) चुरे क्षेत्रको भौगर्भिक अवस्था, क्षयीकरणको अवस्था र भिरालोपन समेतलाई मध्यनजर गर्दै उपयुक्त वनसम्वर्द्धन प्रणालीको आधारमा वनव्यवस्थापन गर्न सकिनेछ ।

(४) चुरे क्षेत्रमा अति भिरालो र अति सम्बेदनशील क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा भूमिको क्षयीकरण हुनेगरी भू-उपयोग गर्न र वनपैदावार संकलन गर्न पाइने छैन ।

तर चुरे क्षेत्रमा रहेका यस्ता क्षेत्रहरुबाट तोकिए बमोजिम स्वीकृत वनव्यवस्थापन योजनाको अधीनमा रही ढलापडा रुखहरु संकलन गर्न सकिनेछ।

(५) चुरे क्षेत्रको संरक्षणका लागि प्रदेश मन्त्रालयले माथिल्लो र तल्लो तटीय अन्तरसम्बन्धको आधारमा नदी-प्रणालीको अवधारणा अवलम्बन गर्दै प्रादेशिक महत्वका आयोजनाहरु तर्जुमा गरी सम्बन्धित निकाय, स्थानीय तह र प्रभावित समुदायको समेत सहभागितामा कार्यान्वयन गर्न सक्नेछ ।

(६) चुरे क्षेत्रको संवेदनशीलतालाई मध्येनजर गर्दै जलाशय लगायतका आवश्यक माटो तथा पानी संरक्षणका उपायहरु अवलम्बन गर्न सक्नेछ।

(७) चुरे क्षेत्र लगायतको क्षेत्रमा रहेका नदी तथा खोलानालाहरुबाट नदीजन्य पदार्थ संकलन गर्नुपूर्व वातावरण संरक्षणसम्बन्धी प्रचलित कानुन बमोजिम वातावरणीय परीक्षण गरी तोकिए बमोजिमको निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

तर चुरे क्षेत्रको जमिनबाट खानी तथा खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृती लिनुपर्नेछ।

५०. <u>प्रदेश चुरे तराई मधेश संरक्षण समितिको गठनः</u> (१) चुरे क्षेत्र संरक्षण र दिगो व्यवस्थापनका लागि विशेष कार्ययोजना बनाई सोको कार्यान्वयनको लागि प्रदेश सरकारले तोकिए बमोजिमको योग्यता पुगेका सम्बन्धित विषय विज्ञहरु सहित प्रदेशस्तरीय चुरे तराई मधेश संरक्षण समिति गठन गर्न सक्नेछ ।

(२) चुरे तराई मधेश संरक्षण समितिको अध्यक्ष र सदस्य एवं समितिको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) प्रदेशभित्र पर्ने चुरे तराई मधेश क्षेत्रमा रहेको प्रदेशभित्रको राष्टिय वन र भू-परिधीय क्षेत्रलाई सिमाङ्कन गरी प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा प्रदेश चुरे तराई मधेश संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ ।

## परिच्छेद– ६

## सामुदायिक वन सम्बन्धी व्यवस्था

५१. सामुदायिक वन हस्तान्तरणः (१) दफा ६५ बमोजिम गठन भएको उपभोक्ता समूहले वनको विकास, संरक्षण, उपयोग तथाव्यवस्थापन गर्न वनपैदावारको तोकिए बमोजिमको मापदण्ड अनुसार मूल्य निर्धारण गरी बिक्रीबितरण गर्न पाउने गरी प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा कार्ययोजना वनाई डिभिजन वन अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पेश गरेको कार्ययोजना उपयुक्त देखिएमा डिभिजन वन अधिकृतले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र दिनु पर्नेछ ।

(३) सामुदायिक वनको वनपैदावार बिक्रीवितरण गर्दा उपभोक्ता समूहका सदस्यहरुको आवश्यकता परिपूर्ति गरी बाँकी रहेको वनपैदावार बिक्रीवितरण गर्दा क्रमशः सामुदायिक वनक्षेत्र रहेको स्थानीय तहको क्षेत्रभित्रका समुदाय,सामुदायिक वनको छिमेकी, स्थानीय तह र जिल्लाभित्र रहेका अन्य उपभोक्ता र प्रदेशभित्रका उपभोक्तालाई प्राथमकिता दिई विक्री गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम बिक्रीवितरण गरी बाँकी रहेको वनपैदावार खुल्ला प्रतिस्पर्धाका आधारमा बिक्रीवितरण गर्न सकिनेछ ।

(५) उपदफा (१) को प्रयोजनको लागि डिभिजन वन अधिकृतले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

५२. <u>कार्ययोजनामा संशोधनः</u> (१) उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा वनव्यवस्थापन-कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । त्यसरी बनाएको वा संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नुअघि उपभोक्ता समूहले सोको लिखित जानकारी डिभिजन वन अधिकृतलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले बनाएको कार्ययोजना वा सोमा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असरपर्ने देखिएमा डिभिजन वन अधिकृतले त्यस्तो कार्ययोजना वा संशोधनको जानकारी पाएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो कार्ययोजना वा संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

५३. <u>सामुदायिक वन फिर्ता लिन सकिनेः</u> (१) दफा ५१ बमोजिम हस्तान्तरण गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय

प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालन गर्नुपर्ने शर्तहरु पालन नगरेमा डिभिजन वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन अधिकृतले गरेको निर्णयउपर चित्त नबुझ्ने वन उपभोक्ता समूहले निर्देशक समक्ष उजुर गर्न सक्नेछ र त्यस्तो उजुरीमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णयउपर सोही उपदफा (२) बमोजिम उजुरी परी निर्देशकबाट त्यस्तो निर्णय बदर भएमा डिभिजन वन अधिकृतले साविककै उपभोक्ता समूहमध्येवाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निर्णयउपर उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजन वन अधिकृतले दफा ६५ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्नुपर्नेछ ।

५४. <u>कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः</u> (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानिनोक्सानी

भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुलउपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैले कारबाही गर्न नसकेमा सो समूहले डिभिजन वन कार्यालयलाई कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा डिभिजन वन अधिकृतले आवश्यक जाँचवुझ गरी त्यस्तो जरिवाना गर्न सक्नेछ ।

तर उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको ब्यक्ति भएमा कसुर हेरी प्रचलित कानुन बमोजिमको सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरेको कारणले मात्र त्यस्तो समूहको पदाधिकारीलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

**५५.** <u>सामुदायिक वनको वनपैदावर विक्री वितरणबाट प्राप्त रकमको उपयोगः</u>(१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबीन्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यमविकास कार्यमा खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ।

(३) सामुदायिक वनको काठदाउरा उपभोक्ता समूहबाहिर व्यावसायिक प्रयोजनका लागि विक्री गरेमा सोबाट प्राप्त रकमको सेवा-शुल्क बापत पन्ध्र प्रतिशत रकम प्रदेश सरकारको कोषमा जम्मा गर्नुपर्नेछ ।

५६. **वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि तोकिए बमोजिम वनक्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामुनिका उपभोक्तालाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी दिन सक्नेछ ।

५७. **सहयोग लिन सक्नेः** यस परिच्छेद बमोजिमको कार्य गर्नका लागि उपभोक्ता समूहले सरकारी तथा गैरसरकारी संघसंस्थासंग सहयोग लिन सक्नेछन् ।

५८. **सामुदायिक वनहरुको एकिकृत व्यवस्थापनः** दुई वा दुई भन्दा बढी सामुदायिक वनलाई उपभोक्ता समूहको आपसी सहमतिमा निश्चित उद्देश्यका लागि एकीकृत रुपमा वन व्यवस्थापन गर्न सकिनेछ ।

५९. **सामुदायिक वनमा कबुलियती वन दिन सकिनेः**समूहले आफ्ना उपभोक्ताको आयआर्जनका लागि आफ्नो सामुदायिक वनको कुनै भाग स्वीकृत वनकार्ययोजनाको अधीनमा रही गरिबीको रेखामुनिका वनउपभोक्तालाई कबुलियतीनामा गराई त्यस्तो वन क्षेत्र व्यवस्थापन गर्न दिन सकिनेछ ।

## परिच्छेद– ७

## कबुलियती वन सम्बन्धी व्यवस्था

६०. **कबुलियती वन प्रदान गर्ने:** (१) प्रदेशमन्त्रालयले देहायको प्रयोजनको लागि प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रको घनत्व २०% भन्दा कम भएको कुनै भाग कबुलियती वनको रुपमा सम्झौता गरी प्रचलित कानुन बमोजिम स्थापित कुनै सङ्गठित संस्थालाई उपलब्ध गराउन सक्नेछः-

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यकपर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्रीबितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्मवा उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

**स्पष्टीकरण***:* यस दफाको प्रयोजनको लागि "हैसियत बिग्रिएको वन" भन्नाले बीस प्रतिशतभन्दा कम छत्र घनत्व (क्राउन कभरेज) भएको वन सम्झनुपर्छ।

(२) प्रदेशभित्रको राष्ट्रिय वनलाई वढीमा ४० वर्षको लागि कबुलियती वनको लागि सम्झौता गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणको लागि कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आयआर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

६१. <u>कबुलियती वन फिर्ता लिन सक्नेः</u> (१) दफा ६० को उपदफा (१) बमोजिमको कबुलियती वन फिर्तासम्बन्धी व्यवस्था प्रचलित संघीय वन ऐन बमोजिम हुनेछ ।

(२) दफा ६० को उपदफा (३) बमोजिमको कबुलियती वनमा कार्ययोजना विपरीतका कुनै काम गरेमा वा वनमा हानिनोक्सानी पुऱ्याउने कार्य गरेमा डिभिजन वन अधिकृतले त्यस्तो कबुलियती वन तोकिए बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ र त्यस्ता कार्य गर्ने समूहलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ । यसरी फिर्ता भएको वन प्रदेश सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नुपर्नेछ ।

तर त्यसरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित समूहलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम डिभिजन वन अधिकृतले कबुलियती वन फिर्ता लिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने समूहले निर्णय भएको पैंतीस दिनभित्र निर्देशक समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरीको सम्बन्धमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–८

## धार्मिक वन सम्बन्धी व्यवस्था

६२. **धार्मिक वनः** (१) डिभिजन वन अधिकृतले परापूर्वकालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वनको संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको प्रदेशभित्रको राष्ट्रिय वन धार्मिक वनको रुपमा तोकिए बमाजिमको कार्ययोजना अनुसार संरक्षण, विकास र सम्वर्द्धनको लागि हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षण र सम्वर्द्धनको लागि हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वनको जग्गामा उक्त धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

६३. **धार्मिक वनमा रहेको वन पैदावारको उपयोगः** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ।

तर धार्मिक वनक्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार डिभिजन वन कार्यालय र स्थानीय तहको समन्वयमा बिक्रीवितरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम वनपैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन।

६४. **धार्मिक वन फिर्ता लिन सकिनेः** (१) दफा ६२ बमोजिम जिम्मा दिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ६२ र ६३ विपरीतको कार्य

गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने कुराहरु पालना नगरेमा डिभिजन वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूहवा समुदायलाई आफ्नो सफाई पेस गर्ने मुनासिव मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन अधिकृतले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरीको सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-९

## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

६५. **उपभोक्ता समूहको गठनः** (१) सामूहिक हितका लागि कुनै वनको संरक्षण, विकास, सम्वर्द्धन र व्यवस्थापन गरी वनपैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्तासमूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएका उपभोक्ता समूह सम्बन्धित डिभिजन वन कार्यालयमा तोकिए बमोजिम दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ताको लागि सम्बन्धित उपभोक्ता समूहले विधानसहित संलग्न राखी

निवेदन दिनुपर्नेछ ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

६६. <u>उपभोक्तासमूह सङ्गठित संस्था हुने:</u> (१) उपभोक्तासमूह अविच्छिन्न उत्तराधिकारवाला एक सङ्गठित संस्था हुनेछ र साझेदारी र कबुलियती वनको हकमा तोके बमोजिम हुनेछ।

(२) उपभोक्तासमूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्तासमूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखनगर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्तासमूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सोउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

६७. <u>उपभोक्ता समूहको कोष:</u> (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम वा कुनै जग्गा वा भवन

(ग) वनपैदावारको बिक्रीबितरणबाट उपभोक्तासमूहलाई प्राप्त रकम,

(घ) उपभोक्तासमूहको सदस्यता शुल्क र उपभोक्तासमूहले गरेको जरिबानाबाट प्राप्त रकम।

(३) उपभोक्तासमूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउन सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

६८. <u>वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः</u> (१) उपभोक्तासमूहले तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथापर्यापर्यटन कार्यक्रम आफैंले वा स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

**स्पष्टिकरणः**यस दफाको प्रयोजनको लागि "वन उद्यम" भन्नाले वन्यजन्तु पालन समेतलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालनमा साझेदारी गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम वन उद्यम स्थापना

गरी सञ्चालन गर्दा प्रदेश मन्त्रालयले तोकिदिएको मापदण्डका आधारमा कार्ययोजना तयार गरी सञ्चालन गर्नुपर्नेछ।

(४) उपदफा (१) र(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानुन र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने,गराउने समूह वा संघ संस्थालाई यस ऐन बमोजिम कारबाही हुनेछ।

(५) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद– १०

## शहरी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

६९. **सार्वजनिक जग्गामा वन विकासः** (१) यस ऐन बमोजिमको निजी जग्गा र प्रदेशभित्रका राष्ट्रिय वन क्षेत्रभन्दा बाहेकको सार्वजनिक जग्गामा लगाइएको वनको स्वामित्व स्थानीय तहमा हुनेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्रीबितरण गर्न सक्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गामा बृक्षारोपण गरी सार्वजनिक वनको रुपमा विकास गर्न सक्नेछ ।

(३) उपदफा(१) र (२) बमोजिमको कामका

लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले स्थानीय तहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

तर कटान तथा ओसार-पसारको अभिलेख सब डिभिजन कार्यालयमा गराउनु पर्नेछ ।

(४) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने गरी रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु तोकिए बमोजिमको कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ।

(५) डिभिजन वन कार्यालयमा सार्वजनिक जग्गा वनको रुपमा कार्ययोजना निर्माण भई दर्ता भएका वा नभएका वनहरु यसै बमोजिम भएको मानिने छ र त्यस्ता वनहरुको कार्ययोजना सहितको विवरण यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेछ ।

७०. <u>नदी उकास क्षेत्रमा वन विकासः</u> (१) नदी तथा खोलानालाका कारण क्षति भएको क्षेत्र वा जमिनमा सम्बन्धित स्थानीय तहले समन्वय गरी डिभिजन वन कार्यालय, सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा तटबन्ध निर्माण लगायतका कार्यहरु गरी नदी उकास गरिएको जमिनमा वृक्षारोपण गर्ने, हरित क्षेत्र कायम गर्ने र आय आर्जनका कार्यहरु गर्ने लगायतका कार्यहरु गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नदी उकास गरिएको क्षेत्रलाई स्थानीय समुदायले कुनै वन उपभोक्ता समूह गठन गरी त्यस्तो नदी उकास गरिएको वन

व्यवस्थापन गर्न चाहेमा स्थानीय तहले त्यस्तो उपभोक्ता समूहलाई नदी उकास क्षेत्र व्यवस्थापनको जिम्मा दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको क्षेत्रमा वन विकास गर्दा कसैको निजी जग्गा परेको प्रमाणित भएमा त्यस्तो जग्गामा रहेको वन सम्बन्धित जग्गाधनीको हुनेछ।

तर यसरी वन विकास भएको निजी जग्गाबाट उत्पादित वन पैदावार व्यावसायिक प्रयोजनका लागि विक्री गरी रकम प्राप्त गरेमा त्यस्तो रकममध्येबाट पाँच प्रतिशत रकम प्रदेश सरकार, दश प्रतिशत रकम सम्बन्धित स्थानीय तह र दश प्रतिशत रकम सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

७१. **उपभोक्ता समूह मार्फत सार्वजनिक जग्गामा वनव्यवस्थापन गर्न सकिने:** (१) स्थानीय तहले उपभोक्ता समूह वा संघ संस्था मार्फत सार्वजनिक जग्गामा वनको विकास, संरक्षण र सदुपयोगको लागि कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरेको सार्वजनिक वनबाट प्राप्त हुने लाभको बाँडफाँट कार्ययोजनामा व्यवस्था भए बमोजिम हुनेछ ।

७२. **सहरी वनको विकास र व्यवस्थापन:** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै समुदाय,संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा कार्ययोजना बनाई सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी

वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलव्ध गराउनुपर्नेछ ।

(३) उपदफा(१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार सम्बन्धित स्थानीय तहले कार्ययोजना बमोजिम प्रयोग गर्न सक्नेछ।

## परिच्छेद– ११

## निजी वन तथा निजी रुख सम्बन्धी व्यवस्था

७३. **निजी वन दर्ता:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक प्रविधिक जाँचबुझ गराई सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनुपर्नेछ।

(४) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन।

७४. **निजी वनको व्यवस्थापनः** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्यनिर्धारण गरी बिक्रीवितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालय वा स्थानीय तहले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वनमा रहेका वनपैदावार सङ्कलन गरी सम्बन्धित जिल्ला भित्रको कुनै एक स्थानीय तहको क्षेत्रबाट अर्को स्थानीय तहको क्षेत्रमा ओसार-पसार गर्नुपरेमा सम्बन्धित स्थानीय तहमा अभिलेख जनाई सोही अभिलेख विवरणका आधारमा ओसार-पसार गर्न सकिनेछ ।

(४) व्यावसायिक प्रयोजनको लागि निजी वनमा रहेका वनपैदावारको सङ्कलन गरी एकजिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

(५) निजी वनको धनीलाई प्रदेश सरकार र स्थानीय तहले तोकिए बमोजिम विभिन्न सुविधाहरु उपलव्ध गराउन सक्नेछ।

(६) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले तोकिएको मापदण्डको अधीनमा रही कृषि वन, जडिबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ।

७५. <u>निजी रुखको बिक्रीबितरण र ओसार-पसारः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वनक्षेत्रसँग नजोडिएको निजी आवादी जग्गामा रहेका निजी रुखहरुको कटान र निजी उपयोग गर्दा कुनै पनि निकायको अनुमतिपत्र लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिमका निजी रुखबाट प्राप्त काठ-दाउराको सम्बन्धित स्थानीय तहमा अभिलेख जनाई सोही अभिलेख विवरणका आधारमा उक्त काठ-दाउरा जुनसुकै क्षेत्रमा बिक्रीबितरण र ओसार-पसार गर्न सकिनेछ।

७६. <u>वनपैदावारको मूल्याकन गरी धितो वन्धक राख्नको लागि सिफारिस गर्न सकिने:</u> कुनै वित्तीय संस्थाबाट ऋण लिने प्रयोजनको लागि स्थानीय तहले निजी वन धनीलाई निजी वनमा रहेको वन पैदावारलाई धितोको रुपमा मूल्यांकन गरी सिफारिस गर्न वा जमानी दिन सक्नेछ ।

७७. <u>स्थानीय तहसँग समन्वय गर्न सक्ने:</u> प्रदेश सरकारले निजी वनविकास सम्बन्धी कुनै काम गर्न आवश्यक भएमा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद– १२

## <u>वातावरणीय सेवा सम्बन्धी व्यवस्था</u>

७८. <u>वातावरणीय सेवाको व्यवस्थापन:</u> (१) प्रदेश सरकारले वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश वितरणका लागि देहाय बमोजिमको व्यवस्था गर्नेछ:

(क) जलवायु परिवर्तन अनुकूलन र कार्वन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको हकमा नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा निर्धारण गरेको योजना बमोजिम व्यवस्थापन, उपयोग तथा लाभांशको बाँडफाँट हुनेछ।

(ख) खण्ड (क) बाहेकका अन्य वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश वितरण सम्बन्धी व्यवस्था वनको स्वीकृत कार्ययोजना वा व्यवस्थापन योजनामा व्यवस्था भए बमोजिम हुनेछ ।

(ग) जलविद्युत, खानेपानी र पर्यापर्यटन आयोजना लगायत अन्य निकाय वा उद्योगबाट वातावरणीय सेवा वापत प्राप्त हुने रकम र सोको व्यवस्थापन, उपयोग तथा बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि डिभिजन वन कार्यालयले आफ्नो वार्षिक कार्यक्रममा व्यवस्था गरी वातावरणीय सेवा वोलपत्र (इनभाइरोमेन्टल सर्भिसेज टेण्डर) आह्वान गरी तोकिएका शर्त पूरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारका भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ ।

७९. <u>वन विकास कोषको स्थापनाः</u> (१) प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि एक प्रदेश वन विकास कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋणस्वरुप प्राप्त रकम,

(घ) वनक्षेत्रको वनपैदावार बिक्रीबाट तोकिए बमोजिम प्राप्त हुने रकम, वातावरण सेवाबाट प्राप्त रकम र वन

क्षेत्र अन्य प्रयोजनका लागि दिए बापत प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(४) प्रदेश वन विकास कोषको रकम कुनै "क" वर्गको बाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– १३

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

८०. <u>बेवारिसी काठको व्यवस्थापन</u>: (१)कसैले आफ्नो हकको प्रमाण पुऱ्याएसम्म नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको वा पुरिएको काठ वा बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

८१. <u>हकदाबी उपर कारबाहीः</u> (१) कसैलेदफा ८० बमोजिम बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित माँगगरेमा र सो सम्बन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ।

(२) बेवारिसी काठको हक दाबी तथा सोउपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– १४

## अपराध र दण्ड सजाय तथा कसुरको जाँचबुझसम्बन्धी कार्यविधि

८२. **अपराध र दण्ड सजाय तथा कसुरको जाँचबुक्षको कार्यबिधिः** (१) यस ऐन बमोजिम वा प्रचलित संघीय वन ऐन बमोजिमको कसुर अपराधमा प्रचलित संघीय ऐनमा व्यवस्था भए बमोजिम दण्ड सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम वा प्रचलित संघीय वन ऐन बमोजिमको कसुर अपराधमा कसुरको जाँचबुझ र कार्यबिधि प्रचलित संघीय वन ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम वा प्रचलित संघीय वन ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुर सम्वन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात वन सेवा जनरल फरेष्ट्री समूहका कम्तिमा सहायक स्तर पाँचौ तहको कर्मचारीले गर्नेछ ।

(४) प्रदेश सरकारले यो ऐन बमोजिम वा प्रचलित संघीय वन ऐन बमोजिमको कसुर अपराधमा बरामद भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधिजन्य प्रयोग वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ ।

(५) चुरे पहाडदेखि ५०० मिटर दक्षिणसम्मको चुरे वनक्षेत्रको जग्गा उत्खनन गरेमा डिभिजन वन कार्यालयले नियमानुसार दण्ड सजाय गर्न सक्नेछ ।

## परिच्छेद- १५

## विविध

८३. **रुख भएको वन क्षेत्रमा बसोबास वा पुनर्वास नगरिनेः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि रुख

भएको कुनै पनि वनक्षेत्र बसोबास वा पुनर्वासको लागि प्रयोग गरिने छैन ।

(२) विपद् प्रभावित व्यक्ति वा राष्ट्रिय गौरवको आयोजना संचालन गर्दा त्यस्तो क्षेत्रमा बसोबास गरेका व्यक्तिलाई पुनर्स्थापना गर्नुपर्ने भएमा प्रदेश सरकारले स्पष्ट कार्य योजना सहित सार्वजनिक जग्गा प्रयोग गर्न सक्नेछ ।

८४. **<u>वन प्रयोग गर्न सक्नेः</u>**(१) प्रदेश सरकारले प्रदेश स्तरीय प्राथमिकता प्राप्त आयोजना वा प्रदेश स्तरीय गौरवका आयोजना सञ्चालन गर्दा वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वनक्षेत्रको जग्गा प्राप्त गर्नको लागि प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा प्रदेश सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गरी दिनु पर्नेछ ।

८५. **<u>वन क्षेत्रमा प्रवेश निषेधः</u>** (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजन वन अधिकृतले प्रदेशभित्रका राष्ट्रिय वनको सम्पूर्ण भाग वा कुनै भागमा निश्चित समयको लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा सिमाना छुट्याई मानिस आवतजावतको लागि बाटो छुट्ट्याउन सकिनेछ र यसरी छुट्याइएको बाटो उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही प्रयोग गर्न सकिनेछ।

८६. <u>प्रतिबन्ध लगाउन सक्नेः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएको वन पैदावारको संकलन, कटान, उपभोग, ओसार पसार, बिक्रीबितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

८७. <u>सुराकीलाई पुरस्कार दिनेः</u> यस ऐन बमोजिमको कसुर हुन लागेको सुराकी दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसुरदारलाई हुने जरिवानाको दश प्रतिशत पुरस्कार स्वरुप दिइने छ ।

तर कसैलाई दुःख-हैरानी दिने नियतले सुराकी गरेमा वा कसुर प्रमाणित नभएमा उक्त पुरस्कार पाइने छैन र झुट्टा सुराकी गर्नेलाई प्रचलित कानुन बमोजिम जरिवाना हुनेछ ।

८८. <u>कृषिका निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सकिनेः</u> (१) प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका घोडगधा, बँदेल लगायतका अन्य वन्यजन्तु, चराचुरुङी तथा पक्षीलाई प्रदेश सरकारले सार्वजनिक सूचना प्रकाशित गरी कृषिको निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्नसक्नेछ र त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु तथा पक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधीनमा रही कृषि क्षेत्र, मानिसको आवास क्षेत्र,खला खलियानमा विना अनुमति मार्न वा पक्रन सकिनेछ ।

(२) कृषिको निमित्त हानिकारक रहेका खास प्रकारका वन्यजन्तुहरुको अत्यधिक संख्यावृद्धि नियन्त्रणका

लागि प्रदेश सरकारले विभिन्न उपायहरु अवलम्बन गर्न वा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

८९. <u>वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने:</u> (१) प्रदेश सरकार तथा स्थानीय तहले वन्यजन्तुबाट क्षति कम हुने कार्यक्रमहरु संचालन गर्न सक्नेछ

(२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत तोकिए बमोजिम पीडितलाई राहत दिइनेछ ।

९०. <u>उद्धारकेन्द्र स्थापना गर्न सक्ने:</u> (१) समस्याग्रस्त, नरभक्षी, घाइते र टुहुरा वन्यजन्तु तथा पंक्षीको उद्धारका लागि तोकिए बमोजिम उद्धारकेन्द्रको स्थापना गरी सञ्चालन गर्न सकिनेछ ।

९१. <u>वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने:</u> कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यावसायिक सम्भाव्यता तथा उत्पादनगर्ने वस्तु र सेवाको बारेमा जानकारी गराउनु पर्नेछ।

तर उद्योग सम्बन्धी प्रचलित कानुन बमोजिम लघु र घरेलु उद्यमको रुपमा रहेका उद्यमहरुको हकमा यो प्रावधान लागु हुने छैन ।

९२. <u>वन उद्यान घोषणा गर्न सक्ने:</u> प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनक्षेत्रको कुनै भागलाई वनउद्यान घोषणा गर्न सक्नेछ ।

९३. <u>जैविक विविधता संरक्षण सम्बन्धी:</u> रैथाने प्रजातिको संरक्षण, संकटापन्न तथा लोपोन्मुख प्रजातिको संरक्षण तथा जैविक विविधता र सो सम्बन्धी परम्परागत ज्ञानको अभिलेख,

विकास तथा विस्तारको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

१४. <u>काठ-दाउराको बिक्रीबितरण सम्बन्धी व्यवस्थाः</u>(१) प्रदेश सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी उपदफा (३) को प्रयोजनका लागि काठ, दाउरा बिक्रीबितरण गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको एक जिल्ला वनपैदावार आपूर्ति समिति गठन गर्न सकिनेछ ।

(क) प्रदेश मन्त्रालयले सम्बन्धित जिल्लाबाट मनोनयन गरेको व्यक्ति -अध्यक्ष

(ख) सहायक प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) प्रमुख कोष तथा लेखा नियन्त्रक-सदस्य

(घ) जिल्ला समन्वय समितिले तोकेको सो समितिको एक जनासदस्य-सदस्य

(ङ) प्रदेश मन्त्रालयवाट मनोनित एक जना महिलासहित दुई जनाविज्ञ -सदस्य

(च) डिभिजन वन अधिकृत-सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) र (ङ) बमोजिम मनोनित अध्यक्ष र सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

तर प्रदेश मन्त्रालयले आवश्यक ठानेमा जुनसुकै बखत अध्यक्ष र सदस्यहरु फेरवदल गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम समिति गठन भएका जिल्लाहरुमा सो समितिले अधिकार प्राप्त अधिकारीबाट इजाजतपत्र लिई देहायको प्रयोजनको लागि

डिपो स्थापना गरी वा अन्य उपयुक्त माध्यमबाट काठदाउराको विक्री वितरणको व्यवस्था गर्नेछः

(क) ग्रामीण जनताको घरकाज

(ख) जनसहभागिताद्वारा गरिने साना लागतको विकास निर्माण कार्यहरु

(ग) दैवी प्रकोप उद्धार तथा कृषि औजार।

(४) उपनियम (१) बमोजिम गठित समितिको सञ्चालनका लागि प्रदेश मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ र सोही कार्यविधि अनुसार समितिले आफ्नो वार्षिक कार्ययोजना बनाई निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

(५) उपनियम (१) बमोजिम गठित समितिले यस ऐनमा उल्लेखित कुराहरुका अतिरिक्त प्रदेश मन्त्रालयले समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

९५. <u>वन विकास परियोजना सञ्चालन सम्बन्धी व्यवस्था:</u>(१) प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भू-भागलाई चार किल्ला तोकी काठ, दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, व्यवस्थापन, सदुपयोग, बिक्रीबितरण र अन्य किसिमले परिचालन गर्न वन विकास परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परियोजना सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक संस्थागत व्यवस्था गर्न र विभिन्न कार्यविधि र व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

९६. **<u>समन्वय गर्न सक्नेः</u>** यो ऐन कार्यान्वयनका क्रममा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार संघीय वन तथा वातावरण मन्त्रालयसँग समन्वय गर्न सक्नेछ ।

९७. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>**(१) यस ऐन बमोजिम व्यवस्थापन हुने वनको संरक्षण विकास र उपयोग सम्बन्धमा प्रदेश मन्त्रालयले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) डिभिजन वन अधिकृतले जिल्लाभित्र विभिन्न वनव्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भएका वनको अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय समक्ष पेस गर्नुपर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **<u>असल नियतले काम गरेकोमा बचाउः</u>** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

९९. **<u>नियम वनाउने अधिकारः</u>**यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरु वनाउन सक्नेछ ।

१००. **<u>निर्देशिका तथा कार्यविधि वनाउन सक्नेः</u>**यस ऐन तथा यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**प्रमाणीकरण मितिः- २०७७/०९/०१**

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**